## आर्थिक वर्ष २०८१/०८२ को

# वार्षिक प्रगति प्रतिवेदन

**जिल्ला समन्वय समितिको कार्यालय, सोलुखुम्बु**
**कोशी प्रदेश, नेपाल**

***साउन, २०८२***

# विषय सूची


परिच्छेद एकः पृष्ठभूमी ........ १

१.१ जिल्लाको संक्षिप्त परिचय ........ १

१.२ जिल्ला समन्वय समितिको परिचय ........ ३

१.३ जिल्ला सभा/ जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार ........ ३

१.४ जिल्ला समन्वय समितिको दरबन्दी तथा संगठन संरचना ........ ९

परिच्छेद दुईः आर्थिक वर्ष २०८१।०८२ को समग्र प्रतिवेदन ........ १०

२.१ नियमित कार्यसम्पादन ........ १०

२.२ अन्य रचनात्मक थप कार्यहरु ........ १०

२.३ कार्यालयको आर्थिक वर्ष २०८१।०८२ आय व्यय विवरण ........ ११

२.४ कार्यसम्पादनको सिलसिलामा देखिएका समस्याहरुः ........ १२

२.५ समस्या समाधानका प्रयासहरु ........ १२

परिच्छेद तीनः समस्या तथा चुनौति र अवसरहरु ........ १३

३.१ सबल पक्ष ........ १३

३.२ कमजोर पक्ष ........ १३

३.३ अवसर ........ १४

३.४ चुनौति ........ १४

परिच्छेद चारः निश्कर्ष र सुझाव ........ १५

४.१ निश्कर्षः ........ १५

४.२ सुझाव ........ १५

# परिच्छेद एकः पृष्ठभूमी

## १.१ जिल्लाको संक्षिप्त परिचय

सोलुखुम्बु जिल्ला साविक सगरमाथा अञ्चल र हाल कोशी प्रदेशको हिमाली भागमा पर्दछ । यस जिल्लाले सोलु (तल्लो भू—भाग) र खुम्बु (माथिल्लो भू—भाग) क्षेत्रलाई समेट्छ । जिल्लाको सदरमुकाम सोलुदुधकुण्ड नगरपालिका वडा नं.-५ मा अवस्थित छ । यस जिल्लाको तल्लो भु—भागमा आदिवासी जनजाति राई (किराती) हरुको वस्ती र क्षेत्रीहरु मुख्य रुपमा बस्छन् भने उच्च पहाडी (हिमाली) क्षेत्रमा पूर्वको मान्छे भनी चिनिने उच्च हिमाल आरोहण गर्न पारखी शेर्पा जातीका मानिसहरुको बसोवास गर्दछन् ।

**क) भौगोलिक अवस्था**

विश्वको सबैभन्दा अग्लो भू–भाग सगरमाथा (८८४८.८४ मिटर) देखि नेचाबेतघारी गाविसको तुइन्टार (६०० मिटर) उचाइको भू–भाग यसै जिल्लामा पर्दछ । विभिन्न उच्च पर्वतीय हिमश्रृंखला, डाँडा, पाखा–पखेरा, खोंच, बेंशी, खोल्सा, खोल्सी, ताल तलैया, वौद्ध–संस्कृति, ३ जातका सल्ला, जडीबुटीको खानी, यती जस्ता दुर्लभ वन्यजन्तु तथा अति दुर्लभ वौद्ध सांस्कृतिक संपदाको धनी यो जिल्ला नेपाल राज्यको दुर्गम जिल्लाहरुमध्येमा पर्दछ । यस जिल्लाको कुल क्षेत्रफल ३३१२ वर्ग कि.मि. (के.त.बि. २०६८) अर्थात् ३,३९,७७६ हेक्टर रहेको छ । यस मध्ये उच्च हिमाली क्षेत्र १९२५११ हेक्टर (५६.६६%), उच्च पहाडी क्षेत्र १४४४६४ हेक्टर (४२.५१%) र मध्य पहाडी क्षेत्र २८०१ (०.८२%) रहेको छ । यो जिल्ला २७°२०'३९" उत्तरी अक्षांशदेखि २८°८'२४" उत्तर सम्म र ८५°०'२१" पूर्वी देशान्तरदेखि ८७°०'१" पूर्वसम्म फैलिएर रहेको छ । यसको उत्तरमा रहेको खुम्बु क्षेत्र र दक्षिणमा रहेको नेचा तल्लो भागको उचाइमा निकै ठूलो अन्तर रहेको छ ।

साथै उत्तरमा चीन स्वशासित तिव्वति क्षेत्र पूर्वमा खोटाङ जिल्ला र संखुवासभा जिल्ला दक्षिणमा ओखलढुँगा जिल्ला र पश्चिममा रामेछाप जिल्लाले यस जिल्लाको चार किल्ला छुट्ट्याएको छ ।

**ख) जिल्लाको सीमाना**

यस जिल्लाको उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत पर्दछ भने पूर्वमा भोजपुर र संखुवासभा, पश्चिममा दोलखा र रामेछाप तथा दक्षिणमा ओखलढुङ्गा र खोटाङ्ग जिल्लाहरु पर्दछन् ।

**ग) राजनैतिक एवं प्रशासनिक विभाजन**

यस जिल्ला १ नगरपालिका, ७ गाउँपालिका र १ संसदीय निर्वाचन क्षेत्रमा विभक्त रहेको छ ।

**घ) नदीनाला र तालतलैयाहरु**

यस जिल्लामा दूधकोशी नदी, इङ्खु खोला, लिखु खोला, बेनी खोला, हुँगा खोला, लोदिङ्ग खोला, सोलु खोला, भोटेकोशी र खहरे खोला जस्ता ठूला–साना नदीहरु निरन्तर बग्ने गर्दछन् । प्रमुख कुण्ड तथा पोखरीहरु गोक्यो, इम्जा, दूधकुण्ड, साल्पापोखरी, पाँच पोखरी, भुत पोखरी, सुकेपोखरी, जालिमपोखरी पर्दछन् साथै यस जिल्ला अन्तरगत विश्वको सर्वोच्च शिखरको काखमा सगरमाथा राष्ट्रिय निकुञ्ज २०३२ सालमा स्थापना भएको र उच्च हिमाली जीवजन्तु हिउँचितुवा, चिलिमे, हिमाली भालु चराचुरुङ्गीहरु डाँफे, मुनाल र उच्च हिमाली वनस्पतीको संरक्षण र सम्बर्धन गरि आएको पाईन्छ। यसै जिल्लाको पूर्वी भेगमा मकालु-वरुण राष्ट्रिय निकुञ्ज २०४९ सालमा स्थापना भएको हो । विश्वको सर्बोच्च शिखर सगरमाथाको आधार शिविर ५३६४ मिटर खुम्वुपासाङल्हामु गाउँपालिका अन्तरगत रहेको छ भने यस जिल्ला भित्रका विभिन्न नदिनालाहरुबाट करिव १४ वटा जलविधुत गृह सञ्चालित छन् ।

**सोलुखुम्बु जिल्लामा रहेका स्थानीय तहहरूको संरचना**

वर्तमान संघीय संरचना अनुसार सोलुखुम्बु जिल्लालाई १ नगरपालिका, ७ गाउँपालिकामा विभाजन गरिएको छ । जिल्लामा रहेका नगरपालिका , गाउँपालिका समाहित साविकका गा.वि.स र केन्द्र सम्बन्धी विस्तृत विवरणहरू तथा रा.ज.ग. २०७८ अनुसारको परिवार सङ्ख्या, जनसङ्ख्या लगायत स्थानिय तहहरूको क्षेत्रफल समेत तलको तालिकामा प्रस्तुत गरिएको छ।

| सि. नं. | नगरपालिका/गाउँपालिको नाम | वडा सङ्ख्या | घरपरिवार सङ्ख्या | जनस ङ्ख्या | क्षेत्रफल बर्ग किमि |
|---|---|---|---|---|---|
| १ | सोलुदुधकुण्ड नगरपालिका | ११ | ६७४४ | २५६७८ | ५३८.०९ |
| २ | खुम्बु पासाङल्हामु गाउँपालिका | ५ | २४८९ | ८७२० | १५३९.११ |
| ३ | महाकुलुङ गाउँपालिका | ५ | २९१२ | ११८४७ | ६४८.०५ |
| ४ | सोताङ गाउँपालिका | ५ | २२९६ | ९०२५ | १०९.०० |
| ५ | माप्य दुधकोशी गाउँपालिका | ७ | ३१४४ | १२६४८ | १६७.६७ |
| ६ | थुलुङ दुधकोही गाउँपालिका | ९ | ४६२४ | १८३५४ | १४४.०६ |
| ७ | नेचा सल्यान गाउँपालिका | ५ | २७८३ | ११३८१ | ९४.४९ |
| ८ | लिखु पिके गाउँपालिका | ५ | १२५१ | ५३३४ | १२४.३८ |
| ९ | संस्थागत | ० | ७६ | १८६४ | ० |

## १.२ जिल्ला समन्वय समितिको परिचय

साविक जिल्ला विकास समितिको नामले परिचित यस कार्यालय २०७२ सालमा नेपालको संविधान जारी भए पश्चात जिल्ला समन्वय समितिको नामले चिनिन थालिएको हो । नेपालको संविधानको भाग-५ को धारा-५६ को उष-धारा (१)(४) अनुसार परिभाषित भई नेपालको संविधानको धारा-२२० (१,२,३,४,५,६,) अनुसार जिल्ला समन्वय समितिको गठन भई ऐ.ऐ. धाराको उपधारा-७ वमोजिमको कार्यहरु गर्ने संवैधानिक व्यावस्था छ भने स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ ले दिएको अधिकार प्रयोग गरी जिल्ला समन्वय समितिले आफ्नो कार्य संचालन गर्ने कानूनी व्यवस्था अनुरुप छ । कार्यालयबाट स्थापनापश्चात संविधान, प्रचलित ऐन कानूनले तोकेबमोजिमको अधिकार प्रयोग गरी समन्वय तथा अनुगमन सम्बन्धी कार्यहरु सम्पादन हुँदै आएको छ। जिल्लामा संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने गतिविधिहरुलाई आवश्यक समन्वय सहजीकरण र अनुगमनका माध्यमबाट प्रभाकारिता अभिवृद्धि गर्न भूमिका निर्वाह गरिरहेको छ ।

चालु आर्थिक वर्षमा पनि सोहिबमोजिम सम्पादन गरिरहेको नियमित कामकाजका साथै अनुगमन र समन्वयकारी भूमिकालाई प्रभावकारी बनाउन आवश्यक काम गरिरहेको छ । आर्थिक वर्ष २०८१/०८२ को मा सम्पादन गरेका कामहरुको प्रगतिको जानकारी गराउने उद्देश्यले यो वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ ।

## १.३ जिल्ला सभा/ जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार

**१) नेपालको संविधानको धारा २२० को उपधारा (७) मा उल्लेख भए बमोजिम जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्ः**

(क) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच **समन्वय** गर्ने,
(ख) विकास तथा निर्माण सम्बन्धी कार्यमा **सन्तुलन** कायम गर्न सोको **अनुगमन** गर्ने,
(ग) **जिल्लामा** रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
(घ) **प्रदेश कानुन**बमोजिम कार्यहरु गर्ने ।

**२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२(१)मा जिल्ला सभाको काम कर्तव्य र अधिकार देहायबमोजिम रहेको छः**

क) जिल्ला भित्रका स्थानीय तहको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

ख) जिल्लाभित्रका **सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमहरुको विवरण तयार गरी** त्यस्ता कार्यक्रमहरुको प्रभावकारिता तथा व्यवस्थापनका सूचक तयार गरी ती सूचकका आधारमा विभिन्न चरणमा **अनुगमन गर्ने**, त्यस्ता कार्यक्रमहरुको **प्रतिफल** सम्बन्धमा क्षेत्र वा समुदायगत,

विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न र आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका **सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने**,

ग) जिल्ला भित्रका **स्थानीय तहको क्षमता विकासको** लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र स्थानीय तहका बीच **समन्वय** गर्ने,

ङ) जिल्लाभित्रका स्थानीय तहबीच कुनै **विवाद** उत्पन्न भएमा सोको समाधानका लागि संघ, प्रदेशसँग परामर्श, समन्वय तथा **सहजीकरण** गर्ने,

च) जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा **विपद् व्यवस्थापन** सम्बन्धी योजना तथा कार्यको समन्वय गर्ने र सो सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहसँग सहकार्य र समन्वय गर्ने,

छ) जिल्लाभित्रको **विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन** कायम गर्न गैरसरकारी संघ, संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

ज) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नका लागि स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकतानुसार सम्बन्धित स्थानीय तहलाई समेत सुझाव दिने,

झ) आफ्नो काम कारबाहीको सम्बन्धमा प्रदेश सरकारको स्थानीय तह हेर्ने मन्त्रालयमा प्रत्येक चार चार महिना र आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन पेश गर्ने,

ञ) जिल्लाभित्र गैरसरकारी संघ संस्थाबाट सञ्चालन भइरहेका योजना र कार्यक्रमहरुको प्रभावकारिता, उपयुक्तता तथा सन्तुलित किसिमले भए, नभएको सम्बन्धमा अनुगमन गरी दोहोरो नहुने गरी उपयुक्त स्थानमा पठाउन सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय र सहजीकरण गर्ने,

ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

## <u>३) कोशी प्रदेशको जिल्ला सभा ऐन, २०७५</u>

जिल्ला सभाको काम, कर्तव्य र अधिकारः नेपालको संविधानको धारा २२० उपधारा (७) का अतिरिक्त जिल्ला सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

### क. <u>विकास कार्यमा समन्वय</u>

(१) जिल्लाको समग्र विकाससम्बन्धी जिल्लास्तरीय नीति र मापदण्ड तर्जुमा गरी गाउँ/नगरपालिका मार्फत् कार्यान्वयन गर्न सहजीकरण गर्ने,

(२) जिल्लाको गौरव तथा दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाबीचका रणनीतिक महत्त्वका आर्थिक, सामाजिक, पर्यटन, तथा बातावरणीय सुधार र सुशासन क्षेत्रका आयोजना एवम् परियोजनाहरुको पहिचान गर्ने, लगानीको रणनीतिक योजना तर्जुम गर्ने र नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका र नगरपालिका गैर सरकारी संघ संस्था तथा निजी क्षेत्रबीच समन्वय गर्ने,

(३) जिल्लाभित्रका दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाबीचका रणनीतिक महत्वका आयोजना तथा परियोजनाको पहिचान गरी सोको कार्यान्वयनमा सहजीकरण तथा समन्वय गर्ने,

(४) संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच तथा जिल्लामा कार्यरत गैर सरकारी एवम् सामुदायिक संघसंस्था, जिल्लास्तरीय सञ्जालहरुबीच एकिकृत योजना प्रकृया, साझा कार्यप्रणाली तथा प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक समन्वय गर्ने,

(५) जिल्लाभित्रको प्राकृतिक श्रोत साधनको दिगो उपयोग, वातावरणीय तथा पर्यावरणीय प्रभाव मूल्यांकन, प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने र अन्तर गाउँपालिका नगरपालिकाबीचका त्यस्ता योजना र कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन गर्न समन्वय गर्ने,

(६) जिल्लाभित्रको विकास तथा निर्माणसम्बन्धी कार्यमा स्थलगत समुदायगत, विषयगत क्षेत्रगत र पर्यावरणीय सन्तुलन तथा प्रतिफल प्राप्त भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान एवम् अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका तथा नगरपालिका र सरोकारवाला निकायहरुलाई सुझाव दिने,

(७) जिल्लाको समग्र विकासका लागि विभिन्न विषयमा सरोकारवालाहरुसँग समन्वय गर्ने,

(८) जिल्ला भित्रका विकास तथा निर्माण कार्यमा सन्तुलन कायम गर्ने र अनुगमनबाट प्राप्त निष्कर्षका बारेमा सम्बन्धित कार्यालयमा लेखी पठाउने,

(९) जिल्लाभित्र सञ्चालित संघीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्ने,

१०) जिल्लास्तरीय अन्तर गाउँपालिका तथा नगरपालिका खेलकूद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदर्शनीको आयोजना गरी उत्तम अभ्यासको प्रवर्द्धन तथा अन्तर गाउँपालिका तथा नगरपालिकाबीच विकासमा सकारात्मक ढंगले प्रोत्साहित गर्ने,

(११) आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैंतालीस दिन भित्र प्रतिवेदन पेश गर्ने।

**ख. <u>अनुगमन कार्य</u>**

(१) विद्युतीय प्रणालीमा जिल्ला अनुगमन विश्लेषण प्रणालीको स्थापना संचालन गर्ने,

(२) जिल्लाभित्रका नेपाल सरकार तथा प्रदेश सरकारका विषयगत कार्यालयहरुबाट भइरहेका चालू योजना र कार्यक्रमहरु गाउँपालिका तथा नगरपालिकासँगको समन्वयमा भए नभएको, दिगो विकास लक्ष्य प्राप्तिमा योगदान भए/नभएको तथा सेवाको गुणस्तर, परिणाम र समय कायम भए/नभएको विषयमा अनुगमन गरी नेपाल सरकार तथा प्रदेश सरकारमा सुझाव तथा प्रतिवेदन पेश गर्ने,

(३) गाउँपालिका र नगरपालिकाको देहायको विषयमा अनुगमन तथा कार्यसम्पादन मापन गरी आवश्यक परिपालना गर्न सुझाव दिनेः-

(क) गाउँपालिका र नगरपालिकाबाट संवैधानिक तथा कानूनी परिपालनाको विषय,
(ख) वित्तीय व्यवस्थापन तथा प्रभावकारिताको विषय,
(ग) सुशासन प्रवर्द्धनको विषय,
(घ) पदाधिकारीबीचको सुमधुर अन्तरसम्बन्धको विषय ।

(४) कानूनबमोजिम गाउँसभा, नगरसभा संचालन भए/नभएको अध्ययन गर्ने र नभएको भए तत्काल कानून बमोजिम गर्न सुझाव दिने,
(५) जिल्लाभित्र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघसंस्था, विषयगत, क्षेत्रगत सञ्जालबाट सञ्चालन भइरहेको चालू योजना र कार्यक्रमहरुमा स्थानगत, विषयगत क्षेत्रगत लगायतको सन्तुलन भए/नभएको तथा कार्यक्रमको प्रभावकारिता र व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गरी आवश्यक सुझाव दिने ।

### ग. सूचना, तथ्यांङ्क तथा अभिलेख व्यवस्थापन कार्य

(१) जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गर्ने
(२) नवीनतम् सूचना प्रविधिको प्रयोग गरी जिल्ला तहको जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल गार्हस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैंगिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्यांक सङ्कलन र प्रशोधन गरी नवीनतम् प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा अद्यावधिक गर्ने र जिल्ला पार्श्वचित्र, जिल्लाको श्रोत नक्सा, भौगोलिक सूचना प्रणालीको अद्यावधिक गरी अभिलेख राख्ने,,
३) जिल्लाभरिको सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको तथ्याङ्क संकलन गरी अद्यावधिक अभिलेख राख्ने,
(४) जिल्लाभित्र सम्पन्न भएका तथा सञ्चालित चालु विकास आयोजना तथा परियोजनाको लगत राखे,
(५) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाले तर्जुमा गरेका कानूनहरुको अभिलेखीकरण गर्ने,

(६) जिल्लास्तरीय अन्य आवश्यक तथ्यांक तथा सूचनाको संकलन तथा अभिलेखन गर्ने ।

### घ. क्षमता विकास कार्य

(१) गाउँपालिका तथा नगरपालिकाको आवश्यकता माग बमोजिमका विषयगत क्षेत्रमा क्षमता विकास योजना तर्जुमा गरी त्यस्तो कार्यमा सहयोग र समन्वय गर्ने,
(२) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,
(३) गाउँपालिका तथा नगरपालिकामा दिगो विकासका लक्ष्यसँग सम्बन्धित सूचना, शिक्षा र क्षमता विकास गतिविधि संचालन गर्न आवश्यक कार्य गर्ने,

(४) जिल्लाको विशिष्ठता अनुसार गाउँपालिका तथा नगरपालिकाबाट अभियानात्मक विकास गतिविधि सञ्चालन गर्न आवश्यक ज्ञान, सीप अभिवृद्धि कार्यक्रम संचालन गर्न आवश्यक कार्य गर्ने,

(५) राजस्वका क्षेत्र पहिचान तथा सम्भाव्यता अध्ययन गरी श्रोतको उच्चतम परिचालनका लागि गाउँपालिका नगरपालिकालाई तालिम, अभिमुखीकरण प्रदान गर्ने एवम् आवश्यक सहयोग गर्ने,

(६) जिल्लास्तरीय विभिन्न सञ्जालहरुको संस्थागत क्षमता विकास सम्बन्धी कार्य गर्ने ।

**ङ. <u>व्यवस्थापन कार्य</u>**

जिल्लाभित्रका दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, श्रोत साधनको अधिकतम उपयोग क प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्न देहायका कार्यहरु जिल्ला सभामार्फत् साझेदारी, सम्झौता वा संयुक्त व्यस्थापनमा गर्न सक्नेछ :-

(क) जिल्लास्तरीय यातायातको सञ्चालन तथा व्यवस्थापन नीति तथा मापदण्ड तर्जुमा र अनुगमन,

(ख) आधारभूत तथा माध्यामिक तहको प्राविधिक शिक्षाको सञ्चालन, प्रवर्द्धन र विकास,

(ग) फोहोरमैला विसर्जन स्थल वा प्रशोधन प्रणालीको विकास र सञ्चालन,

(घ) बृहत पूर्वाधार निर्माण, ठूलो मेसिन तथा औजार खरिद र व्यवस्थापन,

(ङ) बस्ती विकास तथा भू-उपयोग योजना,

(च) पर्यटन, प्रविधि तथा संस्कृतिको प्रवर्द्धन र विकास,

(छ) दमकल तथा एम्बुलेन्स सेवाको सञ्चालन,

(ज) असल अभ्यास र अनुभवको आदान प्रदान ।

**च. <u>प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनसम्बन्धी कार्य</u>**

(१) आफ्नो जिल्लाभित्र कुनै प्राकृतिक प्रकोप, दुर्घटना वा कुनै विपद् देखा परेमा प्रकोप तथा विपद् व्यवस्थापनमा जिल्लाभरिका सबै गाउँ/नगरपालिकाबीच समन्वय गरी एकीकृत ढंगले कार्यक्रम संचालन गर्न पहल गर्ने,

(२) विपद् तथा प्रकोप व्यवस्थापनमा जिल्लाभरिका सबै निकायहरुबीच उद्धार र राहत कार्य प्रभावकारी बनाउन समन्वय गर्ने,

(३) विपद् तथा प्रकोप व्यवस्थापनमा प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय र सहकार्य गर्ने ।

**छ. <u>भाषा, कला, र संस्कृति संरक्षण तथा प्रवर्द्धनसम्बन्धी कार्य</u>**

(१) जिल्लाभित्र प्रचलनमा रहेको भाषा कला र संस्कृतिको खोज, अध्ययन तथा अनुसन्धान गर्न स्थानीय सरकार तथा प्रदेश सरकारबीच समन्वय गर्ने,

(२) जिल्लाको भाषा, कला र संस्कृति संरक्षणसम्बन्धी कार्य गर्ने,

(३) जिल्लाभित्रका गैरसरकारी संस्था, दातृनिकाय, गुठी आदि सँगको समन्वयमा जिल्लाको भाषा, कला र संस्कृतिको प्रवर्द्धन गर्ने ।

**४. <u>जिल्ला सभाको अन्य कार्य</u>**

जिल्ला सभाले आफ्नो जिल्लामा भएका पूर्वाधार विकास तथा सेवा प्रवाहका सम्बन्धमा अनियमित ढंगले काम गरेको पाइएमा सम्बन्धित निकायलाई आवश्यक कारबाहीको लागि सिफारिस गर्न सक्नेछ र त्यस्तो निकायले यसरी सिफारिस भई आएको विषयमा तत्काल जाँचबुझ गरी आवश्यक कारबाही अगाडि बढाउनु पर्नेछ र सो को जानकारी सम्बन्धित जिल्ला समन्वय समितिलाई दिनु पर्नेछ ।

**५. <u>अर्थ सम्बन्धी कार्य</u>**

जिल्ला सभाले आर्थिक कार्य सम्पादन गर्ने विषय प्रचलित कानून बमोजिम हुनेछ ।


**६. <u>जिल्ला सभाले गर्ने कामसम्बन्धी व्यवस्था</u>**

नेपालको संविधान र यो ऐन बमोजिम जिल्ला सभाले सम्पादन गर्नुपर्ने सम्पूर्ण कार्य जिल्ला समन्वय समितले गर्नेछ ।

## १.४ जिल्ला समन्वय समितिको दरबन्दी तथा संगठन संरचना

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०९/०९ को निर्णयबाट स्वीकृत जिल्ला समन्वय समितिको कार्यालयको दरबन्दी संरचना बमोजिम निम्नअनुसारको प्रशासनिक संरचना रहेको छः

*जिल्ला समन्वय समितिको कार्यालय, सोलुखुम्बु*
*संगठन संरचना*




**कार्यालयको कर्मचारी पदपूर्तिको अवस्था**

| क्र.सं. | स्वीकृत दरबन्दीको विवरण | | | पदपूर्तिको अवस्था | | रिक्त |
|---|---|---|---|---|---|---|
| | पद | श्रेणी/ सेवा/समुह | संख्या | स्थायी | करार | |
| १ | जिल्ला समन्वय अधिकारी | रा.प.द्वितीय/प्रशासन/सा.प्र. | १ | १ | - | - |
| २ | शाखा अधिकृत | रा.प. तृतीय/प्रशासन/सा.प्र. | १ | १ | - | - |
| ३ | इन्जिनियर | रा.प.तृतीय/इन्जिनियरिङ/सिभिल | १ | १ | - | - |
| ४ | नायव सुब्बा | रा.प.अन.प्रथम/प्रशासन/सा.प्र. | १ | १ | - | - |
| ५ | लेखापाल | रा.प.अन.प्रथम/प्रशासन/लेखा | १ | - | - | १ (काज) |
| ६ | सब इन्जिनियर | रा.प.अन. प्रथम /इन्जिनियरिङ/सिभिल | १ | - | - | १ |
| ७ | खरिदार | रा.प.अन.द्वितीय/प्रशासन/सा.प्र. | १ | १ | - | - |
| ८ | कार्यालय सहयोगी | श्रेणीविहिन | ३ | - | ३ | - |
| ९ | हलुका सवारी चालक | श्रेणीविहिन | ३ | - | २ | १ |
| १० | ना.सु. | रा.प.अन. प्रथम वा सो सरह | १ | - | - | १ |
| | | जम्मा | १४ | ५ | ५ | ४ |

# परिच्छेद दुईः आर्थिक वर्ष २०८१।०८२ को समग्र प्रतिवेदन

## २.१ नियमित कार्यसम्पादन

**आर्थिक वर्ष २०८१।०८२ मा कार्यालयबाट सम्पादन भएका नियमित कार्यहरु देहायबमोजिम छनः**

| क्र.सं. | कामको विवरण | एकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | जिल्ला समन्वय समितिको बैठक | पटक | १० | |
| २. | जिल्लास्थित विभिन्न निकायद्वारा आयोजित बैठकमा सहभागिता | पटक | २४ | |
| ३. | जिल्लास्थित कार्यालयबाट प्रकाशित सूचना कार्यालयको सूचना पाटीमा टाँस गरी जानकारी पठाइएको | पटक | २१ | |
| ४. | निर्देशिका/मापदण्ड/कार्यविधिको ड्राफ्ट | वटा | १ | |
| ५. | जिल्लास्थित विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन | पटक | १२ | |
| ६. | समन्वयसम्बन्धी कार्यक्रम तथा बैठक | पटक | १ | |
| ७. | समन्वय सम्बन्धी कार्यहरु विविध कार्यहरु | पटक | २ | |

## २.२ अन्य रचनात्मक थप कार्यहरु

- कोशी प्रदेश स्तरीय जिल्ला समन्वय समिति महासंघको समन्वयात्मक भेला तथा बैठक जिसस सोलुखुम्बुको आयोजनामा सम्पन्न भएको छ ।
- कार्यालयको वेबसाइट सञ्चालनमा ल्याई अद्यावधिक गर्दै जिल्लाका सूचनाको स्रोतको रुपमा विकास गरिँदै छ।
- कार्यालयको जीर्ण भवन मर्मत गरेर कार्यवातावरण सुधार गर्नुका साथै पुराना जिन्सी तथा कागजातहरुको अभिलेख व्यवस्थापन कार्यको थालनी गरिएको छ।
- जिल्ला समन्वय समितिका सदस्यहरुले गर्नुपर्ने समन्वय र अनुगमन सम्बन्धी कार्यका लागि कार्यक्षेत्र निर्धारण गरी मासिक प्रतिवेदन पेश गर्ने र बैठकमा छलफल गर्ने व्यवस्था मिलाइएको छ।
- जिल्लास्थित तीनै तहका सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वयात्मक बैठक/छलफलका कार्यहरुलाई जोड दिइएको छ।

## २.३ कार्यालयको आर्थिक वर्ष २०८१।०८२ आय व्यय विवरण

| | ब.उ.शी.नं. ३६५००१०५३ | | | | |
|---|---|---|---|---|---|
| क्र.स | विवरण | बजेट | खर्च | बाँकी | खर्च % |
| क | **२६४१२ सरकारी निकाय, समिति एवं बोर्डहरूलाई सशर्त चालु अनुदान** | **१५,५८०,०००** | **१२,९१६,७७३** | **२,६६३,२२७** | ८३% |
| १ | पारिश्रमिक (स्वीकृत दरवन्दीका कर्मचारीको पारिश्रमिक र जि.स.स. पदाधिकारीको सुविधा) | १०,२८२,००० | ७,९३२,६४८ | २,३४९,३५२ | ७७% |
| २ | नीजि सचिवालय करार कर्मचारी (१ जना) | ४४८,००० | २४३,११० | २०४,८९० | ५४% |
| ३ | पानी तथा बिजुली, सञ्चार महसुल लगायत अन्य अनिवार्य दायित्व खर्च | ३,२९८,००० | ३,२९१,००५ | ६,९९५ | ९९% |
| ४ | कार्यक्रम खर्च (समिक्षा बैठक सहित) | ३८८,००० | ३५०,३०० | ३७,७०० | ९०% |
| ५ | अनुगमन तथा भ्रमण खर्च | १,१६४,००० | १,०९९,७१० | ६४,२९० | ९४% |
| ख | **२६४१३ अन्य संस्थालाई अनुदान' सशर्त** | **१००,०००** | **१००,०००** | **०** | १००% |
| १ | सामाजिक विकास कार्यक्रमको अनुगमन खर्च | १००,००० | १००,००० | ० | १००% |
| ग | **२७३१२ उपदान** | **३,९१९,८५३** | **३,९१९,८५३** | **०** | १००% |
| १ | अनिवार्य अवकाश हुनुभएका श्रेणीविहिन पाँचौ श्री सरस्वती श्रेष्ठको उपदान खर्च वापतको रकम | १,४२२,५१० | १,४२२,५१० | ० | १००% |
| २ | अनिवार्य अवकाश हुनुभएका का.स. पाँचौ श्रेणी विहिन श्री बालकुमार भुजेलको उपदान खर्च वापतको रकम | २,४९७,३४३ | २,४९७,३४३ | ० | १००% |
| घ | **२७३१३ सेवा निवृत्तको संचित विदा** | **१,१०३,६१७** | **१,१०३,६१७** | **०** | १००% |
| १ | अनिवार्य अवकाश हुनुभएका श्रेणीविहिन पाँचौ श्री सरस्वती श्रेष्ठको सञ्चित विदा वापतको रकम | ४८१,९९२ | ४८१,९९२ | ० | १००% |
| २ | अनिवार्य अवकाश हुनुभएका का.स. पाँचौ श्रेणी विहिन श्री बालकुमार भुजेलको सञ्चित विदा वापतको रकम | ६२१,६२५ | ६२१,६२५ | ० | १००% |
| ङ | **२७३१४ सेवा निवृत्तको औषधी उपचार** | **१,२२१,३१८** | **१,२२१,३१८** | **०** | १००% |
| १ | अनिवार्य अवकाश हुनुभएका श्रेणीविहिन पाँचौ श्री सरस्वती श्रेष्ठको औषधी उपचार खर्च वापतको रकम | ५७०,७८० | ५७०,७८० | ० | १००% |
| २ | अनिवार्य अवकाश हुनुभएका का.स. पाँचौ श्रेणी विहिन श्री बालकुमार भुजेलको औषधी उपचार खर्च वापतको रकम | ६५०,५३८ | ६५०,५३८ | ० | १००% |
| | **जम्मा** | **२१,९२४,७८८** | **१९,२६१,५६१** | **२,६६३,२२७** | ८८% |

नेपाल सरकारबाट ब.उ.शि.नं. २६४१२ सरकारी निकाय, समिति एवं बोर्डहरूलाई सशर्त चालु अनुदान अन्तरगत रही कार्यालयमा कार्यरत जनप्रतिनिधि तथा कर्मचारीहरुको नियमानुसारको तलबभत्ता, पानी बिजुली र कार्यालय सञ्चालन लगायतका अनिवार्य दायित्व खर्च, कार्यक्रम तथा अनुगमन मूल्याङ्कन खर्च गरी कूल एक करोड ५५ लाख ८० हजार बजेट सीमा प्राप्त भएकोमा रु. एक करोड २९ लाख १६ हजार सात सय त्रिहत्तर रुपैयाँ अर्थात ८३ प्रतिशत वित्तीय खर्च भएको छ ।

त्यसैगरी साविक जिल्ला विकास समितिको कार्यालयबाट नियुक्त भई स्थानीय तहमा कार्यरत कर्मचारीहरुमध्ये सेवा निवृत्त हुनुभएका कर्मचारीहरुको उपदान, सञ्चित बिदा र सेवा निवृत्त औषधी उपचार समेत गरी कूल २ करोड १९ लाख २४ हजार सात सय अठासी रुपैयाँ बजेट रकम सीमा मध्ये रु. एक करोड ९२ लाख ६१ हजार पाँच सय एकसठ्ठी रुपैयाँ खर्च भई समग्र वित्तीय प्रगति ८८ प्रतिशत पुगेको छ ।

## २.४ कार्यसम्पादनको सिलसिलामा देखिएका समस्याहरुः

नेपालको संविधान तथा प्रचलित कानूनबमोजिम तोकिएको क्षेत्राधिकार कार्यसम्पादन गर्दा देहायका समस्याहरु देखिएका छन्-

- छिटो छिटो जिम्मेवारी परिवर्तन भइरहनु तथा कार्यालयमा दरबन्दी अनुरुपको जनशक्ति नहुँदा व्यवस्थित र प्रभावकारी ढंगले कार्यसम्पादन गर्न कठिन भएको,
- विवरण माग गर्दा कतिपय निकायबाट पूर्ण र स्पष्ट विवरण समयमै प्राप्त गर्न नसकिएको,
- आर्थिक वर्षभरि जिल्लाका स्थानीय तहहरु, संघ र प्रदेश मातहतका निकायहरु र विभिन्न संघ संस्थाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमको कार्यान्वयन कार्ययोजना उपलब्ध नभएका कारण समन्वय र अनुगमन कार्यमा प्रभावकारिता ल्याउन नसकिएको,
- पूर्वाधार विकासतर्फका आयोजना तथा कार्यक्रम कार्यान्वयन स्थलमा सूचना पाटी नराखिएको कारण सो सम्बन्धी अनुगमनका सिलसिलामा समन्वय गर्न कठिन भएको,
- संघबाट प्रदेश र स्थानीय तथा प्रदेशबाट स्थानीय तहमा हस्तान्तरित कार्यक्रम तथा योजनामा कार्यान्वयन गर्ने तहको स्वामित्वबोध हुन नसकेको,
- संघ, प्रदेश र स्थानीय तहको प्राथमिकता राष्ट्रिय प्राथमिकताका आधारमा निर्धारण नभई फरक फरक रुपमा अगाडि बढेको,
- कार्यालय प्रयोजनका लागि आवश्यक परेको बेला सवारी साधनहरु प्रयोग गर्ने अवस्थामा नहुनु तथा उपलब्ध नहुँदा कठिनाई भोग्नुपरेको ।

## २.५ समस्या समाधानका प्रयासहरु

- उपलब्ध जनशक्ति र स्रोत साधनलाई अधिकतम परिचालन गरिएको । अभिलेख व्यवस्थापन लगायतका कार्यमा कार्यालय समय भन्दा अघिपछि समेत कार्यालयको काममा खटिएको खटाइएको,
- पटक पटक सम्बन्धित निकायहरुसँग फोन सम्पर्क तथा अनुरोध गरी विभिन्न विवरण अद्यावधिक तथा प्रतिवेदनमा देखिएका समस्या समाधानको प्रयास गरिएको,
- मौजुदा सवारी साधन (धेरै पुराना मोडेलका)लाई मर्मत गरी प्रयोग गर्न सकिने अवस्थामा ल्याइएको यद्यपी भरपर्दो र पर्याप्त नभएको,
- सवारी साधन नभएको अवस्थामा पनि सम्भव हुने ठाउँमा पैदल हिडेर र सम्भव नहुने ठाउँमा भाडामा सवारी साधन प्रयोग गरी समेत आवतजावत गरिएको।

# परिच्छेद तीनः समस्या तथा चुनौति र अवसरहरु

नेपालको संविधानबमोजिम परिवर्तित राज्य संरचनामा तीन तहका सरकारबाट शासन सञ्चालनको अभ्यास हुने सिलसिलामा तीन तहका सरकारबीच समन्वय र सहजीकरणको भूमिका निर्वाह गर्ने कायम भएको जिल्लास्तरको संरचना जिल्ला समन्वय समिति हो । जिल्ला समन्वय समितिलाई साविकको जिल्ला विकास समितिको रुपमा रहेको बुझाइलाई परिवर्तित भूमिकाको सम्बन्धमा स्पष्ट बनाउन र तिब्र विकासका निम्ति समेत संविधान तथा प्रचलित कानूनबमोजिम तोकिएको क्षेत्राधिकारको अधीनमा सक्रिय र प्रभावकारी भूमिका निर्वाह गर्ने अवसर समेत जिल्ला समन्वय समिति सोलुखुम्बु समक्ष रहेको छ । कार्यसम्पादनको सन्दर्भमा देखिएका सबल र कमजोर पक्ष तथा जिल्ला समन्वय समितिले सामना गर्नु परेका विद्यमान चुनौति र अवसरहरुलाई संक्षेपमा प्रस्तुत गरिएको छ ।

## ३.१ सबल पक्ष

- जिल्लास्तर, सबै स्थानीय तह, वडास्तरका साथै गाउँ टोल वडामा स्थानीय जनप्रतिनिधि रहेको जसका कारण राजनीतिक स्थिरता रहेको जसका कारण समन्वय र सहजीकरणमा सहजता भएको ।
- जिल्लाका सबै गाउँपालिका तथा नगरपालिकाका अधिकांश वडा तथा मुख्य टोलसम्म कच्ची सडक पहुँच पुगेकाले छिटोछरितो ढङ्गले पुग्न र समन्वय तथा अनुगमनमा सहज भएको ।
- प्राकृतिक रुपमा समृद्ध यस जिल्लामा भाषिक, सांस्कृतिक, सामुदायिक विशिष्टता र एकता रहेको ।
- कानूनमा जनप्रतिनिधि र कर्मचारीबीच क्षेत्राधिकार तोकिएको ।
- वर्षातका कारण प्रभावित सडकहरुको मर्मत सम्भार कार्य समेत भइरहेको।
- जिल्लास्तरका अधिकांश प्रदेशस्तरीय कार्यालयहरु समेत स्थापना भई सञ्चालन भइरहेको ।

## ३.२ कमजोर पक्ष

- जिल्लाका सबै वडा कार्यालय सम्म सञ्चार तथा समन्वय गर्न खोज्दा सञ्चार सुविधाको अवस्था प्रभावकारी नदेखिएकाले आवश्यकतानुसार समन्वय र सञ्चार गर्न नसकिनु,
- जिल्लास्थित प्रादेशिक कार्यालय र स्थानीय तहका कार्यालयमध्ये केही कार्यालयमा दरबन्दीअनुसारको जनशक्ति पदपूर्ति नहुँदा कार्यसम्पादन प्रभावकारी नदेखिनु,

- कार्यालय भवन, आवश्यकतानुसारको स्रोत साधन र दक्ष जनशक्ति तथा प्रभावकारी प्रणाली अभावमा संस्थागत सक्षमता अपेक्षित प्रभावकारी नहुनु,
- कार्यालयमा दरबन्दीअनुसारको जनशक्ति पदपूर्ति नहुनु, छिटो छिटो जिम्मेवारी परिवर्तन हुनु र कार्यरत जनशक्तिहरुका प्रविधिमैत्री सिप र क्षमता अपर्याप्तता,
- जिल्ला समन्वय समितिको भूमिकाको सम्बन्धमा सरोकारवालाहरु स्पष्ट नभएका कारण समन्वय, अनुगमन र प्रतिवेदनका लागि आवश्यक विवरण माग गरेको बखत सहजै प्राप्त नहुनु,

## ३.३ अवसर

- आवश्यकतामा आधारित हावापानी सुहाउँदो कृषि उत्पादन, पशु व्यवसायका लागि प्रचुर सम्भावना रहेको साथै जिल्लाको योजनाबद्ध र व्यवस्थित विकासका निम्ति साझा योजना र कार्यक्रम तर्जुमा र कार्यान्वयनमा प्रभावकारी भूमिका निर्वाह गर्न सकिने ।
- स्थानीय वन, पर्यटकीय सम्भावना, खनिज तथा प्राकृतिक स्रोतको व्यवस्थित र दिगो उपयोगको लागि भूमिका निर्वाह गर्न सकिने ।
- योजना तर्जुमा, वर्गीकरण तथा विकास क्रियाकलापमा सबैको चासो भएकोले सरोकारवालाहरुबाट सल्लाह सुझाव प्राप्त भई कमीकमजोरी सुधारका लागि मार्गदर्शनको रुपमा प्रयोग गर्न सकिने ।

## ३.४ चुनौति

- जिल्लाभित्र सञ्चालन हुने गतिविधिहरुमा दोहोरोपना हटाउन, कार्यान्वयनमा प्रभावकारिता ल्याउन र सहकार्य सहअस्तित्वको विकास गर्न प्रभावकारी समन्वय र सहजीकरण गर्नु ।
- जिल्लाभित्र हुने कार्यक्रमहरु तथा विकास निर्माण कार्यको अनुगमन गरी सोको सुझाव प्रदान गरी कार्यक्रम र विकासमा प्रभावकारिता, दिगोपना र गुणस्तरियता कायम गर्न टेवा पुऱ्याउनु ।
- समन्वय र सहजीकरणका माध्यमबाट अन्तर स्थानीय तह सुमधुर र सहसम्बन्ध कायम गर्नु।
- अन्तर स्थानीय तह साझा सरोकारका विषय पहिचान र सम्बोधनमा सघाउ पुऱ्याउनु ।
- अनुगमन, प्रतिवेदन र सोको अभिलेख कार्यलाई व्यवस्थित बनाउन पदाधिकारी र कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नु।
- बदलिँदो राजनीतिक प्रणाली र परिस्थितिमा जिल्ला समन्वय समितिको भूमिकालाई प्रभावकारी बनाउनु ।

# परिच्छेद चारः निश्कर्ष र सुझाव

## ४.१ निश्कर्षः

भौगोलिक,राजनीतिक, प्राकृतिक, सांस्कृतिक, आर्थिक, सामाजिक लगायत समग्र पक्षमा सबल र सम्भावनायुक्त सोलुखुम्बु जिल्लामा सङ्घ, प्रदेश तथा स्थानीय तह अन्तर्गतका सरकारी तथा गैरसरकारी निकायले यस जिल्लाको विकास कार्यमा योगदान गरिरहेका छन् । यद्यपी, तीनै तहका सरकारी निकाय तथा गैरसरकारी संघसंस्था, नागरिक समाज, निजी क्षेत्र र आम नागरिक बीचमा प्रभावकारी समन्वय, सहकार्य र सूचना आदानप्रदान अभावमा विकासको दिशा र गतिप्रति आम सरोकारवालाको चासो रहेको देखिन्छ । यस्तो अवस्थामा जिल्ला समन्वय समिति लगायतका समन्वयकारी भूमिकामा रहेका निकायहरुले आफ्नो भूमिकालाई सक्रिय र प्रभावकारी बनाई सम्बन्धित निकायबाट आधिकारिक तथ्यतथ्याङ्क प्राप्ति, विश्लेषण र सिफारिसमार्फत जिल्लाको समग्र विकासमा सन्तुलित बनाउन आवश्यक देखिन्छ।

## ४.२ सुझाव

**आर्थिक वर्ष २०८२/०८३ मा कार्यालयको कार्यसम्पादन र जिल्लामा तीन तहका सरकार र मातहतका निकायबाट सम्पादन हुने कार्यलाई प्रभावकारी बनाउन देहाय बमोजिमको क्रियाकलापहरुमा जोड दिनुपर्ने देखिन्छ।**

१. जिल्लाभित्र प्रत्येक आर्थिक वर्षमा सञ्चालन हुने कार्यक्रम तथा योजनाका सम्बन्धमा सरोकारवालाहरुबीचमा आर्थिक वर्षको सुरुवातमै जिल्लास्तरमा जानकारी आदान प्रदान गर्ने कार्यक्रम तथा समन्वय बैठकको आयोजना गर्नुपर्ने,

२. अघिल्लो आर्थिक वर्षको जिल्लास्तरीय वार्षिक समिक्षा कार्यक्रम समयमा सम्पन्न गर्न आवश्यक प्रतिवेदन संकलनका लागि सम्बन्धित निकायसँग पर्याप्त समन्वय गर्नुपर्ने र सम्बन्धित निकायले पनि सहयोग गर्नुपर्ने

३. अनुगमनका सिलसिलामा देखिएका कमीकमजोरीहरु सुधारका लागि सुझाव सहितको प्रतिवेदन जिल्ला समन्वय समितिले सम्बन्धित निकायमा पठाउने व्यवस्था गर्नुपर्ने,

४. जिल्ला समन्वय समितिको भूमिका संविधान र कानूनको अधीनमा प्रस्ट गरी भूमिका निर्वाह गर्न आवश्यक स्रोतको व्यवस्था हुनुपर्ने,

५. संघ तथा प्रदेशबाट जिल्लामा कार्यान्वयन हुने गरी स्वीकृत कार्यक्रममा समावेश हुने स्थानीय तहका योजना तथा कार्यक्रमहरु स्थानीय तहको संलग्नतामा छनौट गर्ने गरी एकिकृत योजना तर्जुमा पद्धति अवलम्बन गरिनुपर्ने,

६. कार्यालयमा कार्यरत कर्मचारीहरुलाई प्रविधिमैत्री सिप र क्षमताको विकास गर्न प्रोत्साहित गर्नुपर्ने ।

७. जिल्लास्थित सबै सरकारी निकायहरुले आन्तरिक नियन्त्रण प्रणाली र जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्ने ।

८. जिल्लास्थित सबै सरकारी तथा गैरसरकारी निकायहरुले सूचनाको हक तथा सुशासन प्रवर्द्धन सम्बन्धी नीतिगत/कानूनी व्यवस्थाको पूर्ण पालना गर्दै सेवा प्रवाहलाई थप सरल र प्रभावकारी बनाउनेतर्फ जोड दिनुपर्ने ।

धन्यवाद ।